Vangmaya
Vol. 20, No. 1: 95-103, July 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68176

# *सुकरातको डायरी* उपन्यासमा अन्तर्पाठीयता

**डा. शङ्करप्रसाद गैरे**

## लेखसार

*प्रस्तुत आलेख गोविन्दराज भट्टराईको सुकरातको डायरी उपन्यासमा अन्तर्निहित अन्तर्पाठीयताको विश्लेषणमा आधारित रहेको छ । प्रस्तुत अनुसन्धेय लेखमा यस उपन्यासलाई मुख्य विश्लेष्य सामग्रीका रूपमा चयन गरी यस कृतिमा अन्तर्पाठीयताको स्वरूप र पद्धति केकस्तो रहेको छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रहेर विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । अध्ययनको मुख्य स्रोतसामग्रीका रूपमा पुस्तकालयीय अध्ययनलाई आधार मानिएको छ र द्वितीय स्रोतसामग्रीका आधारमा अध्ययनलाई अगाडि बढाई विश्लेषणात्मक अध्ययनविधिको प्रयोग गरेर अध्ययन गरिएको छ । विश्लेष्य उपन्यास विनिर्माण, अधिआख्यान र अन्तर्पाठीयताका दृष्टिले सबल रहे पनि यस आलेखमा अन्तर्पाठीयताका कोणबाट मात्र विश्लेषण गरिएको छ । अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारका दृष्टिकोणबाट विश्लेष्य उपन्यासको अध्ययन-विश्लेषण गरी उपन्यासमा अन्तर्पाठीयताका मूलगत अन्तर्पाठीयता, रूपायनात्मक अन्त्पाठीयता र इन्टरनेटीय अन्तर्पाठीयताका दृष्टिले 'सुकरातको डायरी' उपन्यासको विश्लेषण गरिएको छ । यसक्रममा अन्र्पाठीयताका आधारमा प्रस्तुत उपन्यास नवीन, प्रयोगशील, अधिआख्यानात्मक र विशिष्ट बनेको कुरा प्रस्तुत गरी अन्तर्पाठीयता नै यस उपन्यासको प्राप्ति हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अन्तर्विषयकता, पारपाठीयता, बहुलवादी प्रयोग, बहुलार्थवाद, विसङ्घटन ।

## १. विषयपरिचय

प्रस्तुत आलेख गोविन्दराज भट्टराईद्वारा लेखिएको *सुकरातको डायरी* उपन्यासको अन्तर्पाठीयताको विश्लेषणमा केन्द्रित रहेको छ । यस अनुसन्धानात्मक लेखमा विश्लेष्य उपन्यासलाई उत्तरआधुनिक बहुलवादी सिद्धान्तअन्तर्गतको अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर अध्ययन गरिएको छ। २०३१ सालमा *मुगलान* उपन्यासबाट यथार्थवादी उपन्यासकारको परिचयका साथ औपन्यासिक यात्राको आरम्भ गरेका भट्टराईको *सुकरातको डायरी* (२०६८) चौथो उपन्यास हो । उनका *मणिपुरको चिट्ठी* (२०३४) र *सुकरातका पाइला* (२०६३) उपन्यास प्रकाशित छन् । यिनको साहित्यिक परिचय उपन्यासकारका साथै समालोचक, निबन्धकार, अनुवादक तथा कविका रूपमा रहेको छ । समालोचनाका क्षेत्रमा विशेषतः उत्तरआधुनिक समालोचनाको व्यापीकरणमा सक्रिय मानिएका भट्टराईले त्यही उत्तरआधुनिक बहुलवादी प्रयोगलाई आफ्नो तेस्रो उपन्यास *सुकरातका पाइला* मा भित्र्याएको पाइन्छ भने यस दृष्टिकोणले उनको *सुकरातको डायरी* विशेष महत्त्वको रहेको छ। विधाभञ्जन, विधामिश्रण, अन्तर्विषयक प्रयोगलगायत अनेक अभिलक्षणले युक्त प्रस्तुत उपन्यासलाई उत्तरआधुनिकताका विविध सैद्धान्तिक पर्याधारका सापेक्षमा विश्लेषण गर्न सकिने देखिन्छ भने यसअन्तर्गतको अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारका दृष्टिले उपन्यास विशेष महत्त्वको रहेको छ । पाठ आफैमा पूर्ण हुँदैन र त्यसका पछाडिका पाठको नैरन्तर्यका रूपमा नयाँ पाठ आउँछ भन्ने रोला बार्थको विचारबाट प्रभावित अन्तर्पाठीयताका अत्यधिक अभिलक्षणहरू प्रस्तुत

*सुकरातको डायरी* उपन्यासमा पाइन्छ । उत्तरआधुनिक बहुलवादी प्रयोगका अनेक सम्भावना रहेको प्रस्तुत उपन्यासलाई अनेक भिन्नभिन्न सन्दर्भबाट अध्ययन विश्लेषण गरेको पाइन्छ । यस क्रममा *सुकरातको डायरी* उपन्यास अन्तर्पाठीयताको प्रयोगका दृष्टिले महत्त्वपूर्ण औपन्यासिक कृति भएको सङ्केतसमेत गरेको पाइन्छ । अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारलाई अवलम्बन गरी हालसम्म प्रस्तुत कृतिको सूक्ष्म विश्लेषणात्मक अध्ययन भएको पाइँदैन । प्रस्तुत अध्ययनमा अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारका दृष्टिले *सुकरातको डायरी* उपन्यास केकस्तो रहेको छ भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर उपन्यासको विश्लेषण गरी मूल्य निरूपण गर्ने उद्देश्य राखिएको छ । प्रस्तुत लेख विश्लेष्य उपन्यासलाई नवीन अवधारणाबाट अध्ययन गर्न चाहने तथा उत्तरआधुनिक बहुलवादी प्रयोग अन्तर्गतको अन्तर्पाठीयताको प्रायोगिक पक्षलाई अध्ययन गर्न चाहनेहरूका लागि महत्त्वपूर्ण सामग्री सिद्ध हुने छ ।

## २. अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख *सुकरातको डायरी* उपन्यासको विश्लेषणमा आधारित रहेर तयार पारिएको छ। विश्लेष्य कृतिलाई उत्तरआधुनिक बहुलवादी समालोचनाअन्तर्गतको स्थापित सैद्धान्तिक मान्यता अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर अध्ययन गरिएको छ । अध्ययनलाई दुई चरणमा कार्यविभाजन गरेर सम्पन्न गरिएको छ। अध्ययनको मुख्य स्रोतसामग्रीका रूपमा *सुकरातको डायरी* उपन्यासलाई चयन गरिएको छ । प्रस्तुत अनुसन्धान पुस्तकालयीय अध्ययनमा केन्द्रित रहेको छ । प्रथम चरणमा सामग्री सङ्कलन गरिएको छ भने दोस्रो चरणमा सङ्कलित सामग्रीको आधारमा अध्ययनलाई सम्पन्न गरिएको छ । प्रस्तुत लेखलाई गुणात्मक अध्ययनअन्तर्गत विश्लेषणात्मक विधिमा केन्द्रित रहेर सम्पन्न गरिएको छ ।

## ३. अन्तर्पाठीयताको सैद्धान्तिक पर्याधार

अन्तर्पाठीयता उत्तरआधुनिक बहुलवादी समालोचना अन्तर्गतको एउटा नवीन दृष्टिकोण हो । पाश्चात्य साहित्य समालोचनाका क्षेत्रबाट विकसित हुँदै अघि बढेको अन्तर्पाठीय समालोचनालाई अङ्ग्रेजीमा इन्टर्टेक्स्ट् युअल भनिन्छ । यसका निम्ति अङ्ग्रेजीमा इन्टर्टेक्स्ट, इन्टर्टेक्स्ट्युअल, इन्टर्टेक्स्ट्युअलिस्ट, इन्टर्टेक्स्युअलिटी जस्ता शब्दहरू प्रयोग भएका छन् भने नेपालीमा यिनका पर्यायमा क्रमशः अन्तर्पाठ, अन्तर्पाठीय, अन्तर्पाठीयतावादी, अन्तर्पाठीयता जस्ता शब्दहरू प्रचलनमा छन् । यसका ठाउँमा पारपाठीयताको उपयोग गर्न सकिने दृष्टिकोणसमेत प्रस्तुत भएको पाइन्छ ।

सर्वप्रथम सन् १९६६ मा जुलिया क्रिस्तेभाले प्रयोगमा ल्याएको मानिने अन्तर्पाठीयता नै विशेषतः साहित्यमा प्रयुक्त रहेको मानिन्छ । बहुलवादी दृष्टिकोणका साथ विकसित भएको यस सिद्धान्तले कुनै पनि पाठलाई स्वयंमा पूर्ण हुँदैन भन्ने मान्यता राख्दछ र कुनै पनि पाठ आफ्नो पूर्व पाठमा आधारित भएर विकसित हुन्छ भन्ने मान्यता राखेको पाइन्छ । हरेक पाठ आफैमा अन्तर्पाठ हो भन्ने रोला बार्थको अभिव्यक्ति (भट्टराई, २०६४, पृ. ५६४) सँग अन्तर्पाठीयताको सम्बन्ध रहेको छ। कुनै पनि पाठ आफैमा पूर्ण हुँदैन । निश्चित उद्देश्यमा गएर टुङ्गिए पनि त्यो समाप्त भएको हुँदैन, त्यसैले त्यसबाट पुनः नयाँ पाठको जन्म हुन्छ । यस क्रममा स्रष्टाले पूर्वपाठमा नमिलेका कुराहरूलाई मिलाउँछ र व्यवस्थित तरिकाले कृतिको रूप दिन्छ (गौतम, २०६७, पृ. ३९६ क) भन्ने मान्यता नै अन्तर्पाठीयतासँग सम्बन्धित रहेको छ । हरेक स्रष्टाका सिर्जना अग्रज स्रष्टाका सिर्जनाको प्रभावबाट सिर्जित हुन्छ। प्रत्यक्षपरोक्ष रूपमा त्यसैको निरन्तरताका रूपमा नयाँ सिर्जना देखापरेको हुन्छ भन्ने कुरालाई अन्तर्पाठीयताले विश्वास गरेको हुन्छ । अन्तर्पाठीयता र अन्तःपाठीयता शब्दनिर्माणका दृष्टिले र अर्थ अभिव्यञ्जनका दृष्टिले समान भए पनि उत्तरआधुनिक बहुलवादी समालोचनाका क्षेत्रमा यिनको प्रयोग केही पृथक सन्दर्भमा गर्ने गरिएको पाइन्छ

(गौतम, २०६७, पृ. ५१० ख) । अन्तर्पाठीयताले अन्य पाठसँगको सम्बन्धलाई निर्देश गर्छ भने अन्तःपाठीयताले एउटै पाठभित्रका घटकहरूको सङ्गतिलाई सङ्केत गर्दछ (गौतम, २०६७, पृ. ५१०) । अतः अन्तर्पाठीयता र अन्तः पाठीयता भिन्न देखिन्छन् । एक स्रष्टाका सिर्जनाको प्रभाव र अपूर्णताको पूर्णतातर्फ केन्द्रित रचना अन्तर्पाठीयता हुन्छ । यस क्रममा अन्तर्पाठीयतासँगै अन्तर्विषयकता पनि जोडिएर आउने गरेको हुन्छ । अन्तर्विषयकताअन्तर्गत एक विषयभित्र अन्य विषयले प्रविष्टि पाउने अवस्थाको अध्ययन हुन्छ (गौतम, २०७०, पृ. ३४१) । कथामा कविता, साहित्यमा इतिहास आदि विषयको प्रवेश अन्तर्विषयकता हो भने पुराना पाठका क्रमिकताका रूपमा नयाँ पाठ देखिनु अन्तर्पाठीयता हो । अन्तर्पाठीयता सिद्धान्त नवीनतम अवधारणात्मक मान्यता भए पनि यसले जुन प्रकारको विषय प्रसङ्ग र सन्दर्भहरूको सङ्केत गर्दछ ती र त्यस्ता विषयको अभिलेखन लामो समयदेखि हुँदै आएको पाइन्छ । कुनै पनि नयाँ पाठ पूर्वपाठमा आधारित हुन्छ भन्ने मान्यता परोक्ष रूपमा प्लेटो तथा अरिस्टोटलको अनुकरणसम्बन्धी अवधारणाको निकट रहेको मान्न सकिन्छ भने अर्कोतर्फ पश्चिम तथा पूर्वमा हुँदै आएका मिथकीय लेखनहरू पुनर्पाठ नै हुन् (गौतम, २०७६, पृ. १५६) । स्रष्टाले अग्रज स्रष्टाका कृतिको अध्ययनका क्रममा मन परेका लेखक र तिनका कृतिलाई आफ्नो आदर्श तुल्याउँछ वा मन नपरेका अवस्थामा आफ्नो अनुकूल परिवर्तन गर्दछ । यी दुवै कार्यमा पूर्वपाठको प्रभाव हुन्छ र त्यसले निरन्तरता पाउँदछ । नर्थ ह्वाइटहेडको समग्र पाश्चात्य दर्शन परम्परा प्लेटोकै पादटिप्पणीका रूपमा विकसित भएको हो भन्ने बयानले यस कुरालाई पुष्टि गर्दछ (गौतम, १९९६, पृ. १६०) । कविता, उपन्यास नाटक आदि कुनै पनि विधा अग्रज कृतिसित सम्बन्धित नभै सिर्जित हुन असम्भव प्रायः हुन्छ (बेनेट र रोयल, सन् १९९९, पृ. ६) भन्ने मान्यताले पुनर्पाठीयताको मान्यतालाई बलियो तुल्याएको छ । सिर्जनाका तीन कारक तत्त्व प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये व्युत्पत्तिले पूर्वपाठप्रति नै सङ्केत गर्दछ र पूर्वपाठको प्रभावबाट नै सर्जकले नयाँ पाठ सिर्जना गर्दछ भन्ने मान्यतालाई स्थापित गर्दछ । कुनै पनि विधाको भावपक्षको प्रस्तुति वा संरचनापक्षको ज्ञानका निम्ति पनि पूर्वपाठ महत्त्वपूर्ण हुन्छ । वास्तवमा कृतिहरू अन्य कृतिबाट बनाइन्छन् र ती कृतिहरूले अग्रज कृतिहरूको आधार ग्रहण गरेर, तिनलाई अपनाएर, दोहोऱ्याएर वा चुनौती दिएरै किन नहोस् पुराना कृतिहरूलाई रूपान्तरण गर्छन् । यसले गर्दा अन्तर्पाठीयताका अन्यत्रबाट सोझै लिने, दोहोऱ्याउने, स्वरूप परिवर्तन गर्नेलगायतका विभिन्न अवस्था र कार्य हुन सक्छन् (गौतम, २०७६, पृ. १५६) । अन्तर्पाठीयताले पूर्वपाठलाई आफ्नो आधार मानेर त्यसका विभिन्न पक्षमध्ये कुनै एक वा एकाधिक पक्षलाई अनुकूलित ढङ्गले प्रस्तुत गर्दछ । यसमा खण्डन, मण्डन, विस्तार वा सङ्क्षेपण, रूपान्तरणजस्ता कुराहरू पर्न सक्छन् । यसबाट अन्तर्पाठीयताका प्रकारहरू पनि निर्माण हुन सक्ने देखिन्छ । यसलाई विभिन्न आधारमा निर्धारण गर्न सकिन्छ । कृष्ण गौतमले मूलगत, पार्श्वगत, रूपायनात्मक, प्रवृत्तिगत, व्यवस्थागत, व्यक्तिगत, लेखकका कृतिसित, पात्रगत वा अनुकरणात्मक, अधिअन्तर्पाठीयता, प्रत्यक्ष तथा परोक्ष, आनुवादिक, व्यङ्ग्यात्मक तथा उपहासात्मक, मिश्रित, साहित्यिक र साहित्येतर, सहज र प्रतीकात्मक, स्वाभाविक र आलङ्कारिक, फुटकर तथा समग्र, कम्प्युटरीय तथा इन्टरनेटीय (गौतम, २०७६, पृ. १५९) जस्ता पुनर्पाठीयताका भेदहरूको चर्चा गरेका छन् । यी भेदहरू सम्पूर्णतः एउटै पाठभित्र समावेश हुन्छ वा हुनैपर्छ भन्ने हुँदैन र त्यो मानिँदैन तर पनि कतिपय पाठमा एकमात्र र कतिपयमा एकाधिक पुनर्पाठीयताका अभिलक्षणहरू उपलब्ध हुन सक्ने देखिन्छ । यसरी अन्तर्पाठीयता उत्तरआधुनिक साहित्य समालोचनाको एक विशिष्ट स्वरूप हो भन्ने देखिन्छ ।

## ४. नतिजा र विमर्श

गोविन्दराज भट्टराईको *सुकरातको डायरी* चौथो उपन्यास हो । प्रस्तुत उपन्यास उत्तरआधुनिक बहुलवादी लेखनको अवधारणालाई अवलम्बन गरी लेखिएको एक जटिल प्रयोग हो । लेखकले आफ्नो पूर्वप्रकाशित तेस्रो

उपन्यास *सुकरातका पाइला* (२०६३) लाई मूल पाठ मानेर त्यसैको पुनर्पाठका रूपमा यस उपन्यासको सिर्जना गरेका छन् । उपर्युक्त दुवै उपन्यासका नाममा उपन्यासका पात्र सुकरातको नामोल्लेख हुनु र उक्त पात्रको भूमिकासमेत दुवै उपन्यासमा एकप्रकारको हुनुले एउटा उपन्यासको पुनर्पाठका रूपमा अर्को उपन्यासको सिर्जना गरिएको हो भन्ने कुरालाई पुष्टि गर्दछ । प्रस्तुत *सुकरातको डायरी* उपन्यासमा गरिएको विधाभञ्जन र विधामिश्रण उत्तरसंरचनावादी मान्यताअनुरूप रहेको छ । यो उपन्यास परम्परागत उपन्यासका सबै तत्त्वहरूलाई भत्काएर पूरै नयाँ किसिमको प्रयोगमूलक उत्तरआधुनिक आख्यानका रूपमा आएको एन्टिनोभेल हो (छेत्री, २०७९, पृ. ९) । यस उपन्यासमा अन्तर्पाठीयताका विभिन्न प्रारूपहरूमध्ये केही प्रारूपहरू अत्यन्त सबल बनेर देखापरेका छन् । त्यसकारण यहाँ कृतिको अभिलक्षणसँग मेल खाने केही मुख्य प्रारूपहरूलाई शीर्षकीकरण गरी तिनका आधारमा प्रस्तुत उपन्यासमा प्रयुक्त कथ्यको पहिचान गरी त्यसको विश्लेषण गरिएको छ ।

## ४.१ मूलगत अन्तर्पाठीयता

मूलगत अन्तर्पाठीयता भन्नाले कुनै एक मूलपाठका उपकरण अर्को पाठमा प्रवेश गर्नुलाई बुझाउँछ । यसमा कुनै एक पाठका अंशहरू, पूरै पाठ, पाठका पात्र वा परिवेश आदि अर्को पाठमा प्रवेश गर्दछन् भन्ने मानिन्छ र कतिपय लेखनमा उद्धरणहरू पनि समावेश हुन्छन् । यस्तो अवस्थालाई उद्धरणात्मक अन्तर्पाठीयता भनिएको छ (गौतम, २०७६, पृ. १५८) । कुनै कृतिको शब्दानुवाद, भावानुवाद, मिथकीय पुनर्लेखन, सिक्वेल लेखन, दृष्टान्त आदि नै मूलगत अन्तर्पाठीयताअन्तर्गत पर्दछन् । *सुकरातको डायरी* उपन्यास मूलगत अन्तर्पाठीयताका दृष्टिले सबल र प्रभावकारी औपन्यासिक कृति हो । यो उपन्यास मूलगत अन्तर्पाठीयताअन्तर्गत पात्रहरूको प्रयोग, अन्य कृतिका मूल वा अनूदित सामग्रीको प्रयोगका कोणबाट अध्ययन गर्न सकिने देखिन्छ ।

*सुकरातको डायरी* उपन्यासका पात्रहरू सुकरात, अनन्त, नीलिमा र पूर्णिमा आयातित हुन् । यी पात्रहरू लेखकको पूर्वप्रकाशित उपन्यास *सुकरातका पाइला*मा प्रयोग भएका छन् । यो उपन्यास *सुकरातका पाइला*को सिक्वेलजस्तो देखिन्छ वा यो क्रमलेखन हो (छेत्री, २०७९, पृ. ११) भन्ने विचारलाई उपन्यासमा प्रयुक्त पात्रले नै बल दिएका छन् । भट्टराईको तेस्रो उपन्यास *सुकरातका पाइला*मा इतर अङ्ग्रेजी विषयको प्राध्यापकका रूपमा कीर्तिपुर क्याम्पसको प्राध्यापक आवासमा बस्ने सुकरात *सुकरातको डायरी*मा आइपुग्दा लेखक भट्टराईको समेत प्रतिच्छाया बोक्ने अङ्ग्रेजी विषयको प्राध्यापकका रूपमा प्रस्तुत भएको पाइन्छ । युरोप भ्रमणमा निस्किएको सुकरातको स्थायी बसोबास सुकर्मटोलको आफ्नै निवासमा भएको सङ्केत उपन्यासले दिएको प्रतीत हुन्छ (गौतम, २०६९, पृ. ९३) । उपन्यासको अन्त्यतिर आइपुग्दा टुङ्ग्याउनी लेखन तथा पात्रहरूसँग बिदा हुने क्रममा सुकरातले भनेको छ- “फेरि कीर्तिपुर क्वाटरमै भेट होला । त्यहाँ नभेटे अलिक पर्तिर टचाङ्लाचोक कटेर सुकर्मटोलको ओरालोमा झर्नू । एउटा सेतो घरको बरन्डाबाट हेरिरहौँला” (भट्टराई, २०६८, पृ.३१२) । यसबाट लेखकले आफ्नो पूर्वप्रकाशित उपन्यासको पात्र सुकरातलाई नै पुनः यस उपन्यासमा प्रयोग गरिएको स्पष्ट हुन्छ । यस उपन्यासकी अर्की महत्त्वपूर्ण पात्र नीलिमा हो । *सुकरातका पाइला* उपन्यासमा आदिदेखि अन्त्यसम्म लामो जीवन सुकरातको आग्रह र स्वीकृतिलाई पर्खेर बसेकी कुनै एउटा कारखानामा डिजाइनरको रूपमा कार्यरत (भट्टराई, २०६३, पृ. ९८) सुकरातकी प्रेमिकाका रूपमा देखिएकी छ । ऊ अरूले देख्दा पतिपत्नी देखिने एकप्रकारको सम्झौतामूलक सहकार्यात्मक जीवन बिताउने उद्देश्यका साथ सुकरातको क्वाटरमा आएकी देखिन्छे । त्यही पात्र नीलिमा *सुकरातको डायरी*मा आइपुग्दा अनन्तलाई उपन्यासलेखनमा प्रेरित गर्ने सुकरातको शैलीलाई पुरानो र भद्दा भन्ने दोष लगाउँदै उसलाई पोस्टमोडर्न उपन्यास लेख्न प्रेरित गर्ने बौद्धिक र प्राध्यापकीय गुणले युक्त पात्रका रूपमा देखिएकी छ । उपन्यासमा कतैकतै सुकरात लेखकको प्रतिच्छाया बनेर

देखिएको छ भने नीलिमा लेखकपत्नी प्रा.डा. अञ्जनाको प्रतिच्छायाका रूपमा देखापरेकी छ ।

*सुकरातका पाइला*मा आफ्नो गाउँ नर्फोकबाट अङ्ग्रेजी विषयमा एम्. ए. गर्ने सपना बोकेर काठमाडौँ आएको अनन्तले सात वर्षसम्म पनि पढाइ पूरा गर्न सकेको छैन । उसको विदेश जाने सपना पनि पूरा नभएकाले अन्त्यमा निराश भएर कीर्तिपुर नयाँ बजारस्थित आफ्नै कोठामा झुन्डिएर आत्महत्या गरेको छ । त्यही अनन्त *सुकरातको डायरी*मा भर्चुअल माध्यमबाट प्रवेश गर्छ र गुरु सुकरातसँग उपन्यासलेखन सम्बन्धमा जिज्ञासा राख्दछ । त्यसैगरी अनन्तकी बालसखा र प्रेमिका पूर्णिमालाई पनि *सुकरातको डायरी*मा उपस्थापन गराइएको छ। *सुकरातका पाइला*मा सातपटकसम्म परीक्षा दिएर पनि अङ्ग्रेजी विषयमा फेल भएपछि एस्.एल्.सी. पास गर्न नसकेकी पूर्णिमा माओवादीमा लागेकी छ र युद्धका क्रममा उसको मृत्यु भएको छ भने *सुकरातको डायरी* मा उपन्यास लेख्न चाहने लेखकीय चेत भएकी पात्रका रूपमा (... पूर्णिमा ...आफै पनि एक उपन्यास लेख्छु भन्दै थिइन्; लेख्नै थालेँ भनेकी छन् (पृ.४३) । ऊ (परिशिष्ट 'च' मा बाहेक) मञ्चीय पात्र होइन तापनि उपन्यासमा उसबारे सूचना प्राप्त हुन्छ ।

*सुकरातको डायरी* उपन्यासमा नेपाली र अन्य विभिन्न भाषा र विधाका पाठहरूका अंशलाई (अन्य भाषाका पाठलाई अनुवाद गरेर) प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास एकप्रकारले विश्वविद्यालयका कक्षाकोठामा सिर्जनात्मक लेखनबारे प्रवचन दिने प्राध्यापकले आफ्ना विद्यार्थीलाई वा एक कुशल, अनुभवी र योग्य स्रष्टाले सिर्जनाको अभिलाषा लिएर उपस्थित भएको नवसिकारुलाई उपन्यासलेखनका निम्ति दिने ज्ञान, उपदेश वा प्रशिक्षणजस्तो देखिएको छ । विश्वसाहित्यका दुई सयभन्दा बढी उपन्यासहरूको अन्तर्वस्तु र कथ्यलाई आफूभित्र समाहित गरेको (गौतम, २०६९, पृ. ९६) यस उपन्यासले उपन्यास लेख्न चाहने अनन्तलाई गुरु सुकरातले उपन्यास लेख्न प्रेरित गर्ने क्रममा विभिन्न उपन्यासका थुप्रै लामाछोटा दृष्टान्तहरू प्रस्तुत गरेको छ। "गुरु म आफ्नै बारेको एक उपन्यास लेख्न चाहन्छु के यो सम्भव छ ?" (भट्टराई, २०६८, पृ. ४४) भन्ने अनन्तका जिज्ञासामा सुकरातले विभिन्न जीवनीमूलक उपन्यास अध्ययन गर्न सुझाव दिएको छ । यस क्रममा लेखकले दृष्टान्तका रूपमा अन्य उपन्यासका अंशलाई प्रस्तुत गरेको छ जुन आफैँमा मूलगत अन्तर्पाठीयताको दृष्टान्त बनेको छ । यहाँ जीवनीपरक उपन्यासलेखनबारे बताउने क्रममा ध्रुवचन्द्र गौतमको *बाढी* उपन्यासको आरम्भिक अंश (पृ.४४-४६) लाई यथावत रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी सुकरातले अनन्तलाई नेपालीका *घुम्ती* र *आधाबाटो* उपन्यास हेर्न सिफारिस गरेको छ जुन मूलगत अन्तर्पाठीयताको बलियो नमुना हो । प्रस्तुत उपन्यासमा अनन्तको जीवनीपरक उपन्यास लेख्ने जिज्ञासामा त्यसका निम्ति प्रेरित गर्ने क्रममा सुकरातले अनन्तलाई केही पाश्चात्य साहित्यका राम्रा उपन्यासबारे बताएको छ। यस क्रममा ती उपन्यासका आरम्भिक अंशहरूलाई *सुकरातको डायरीमा* अनुवाद गरी प्रस्तुत गरिएको छ । अनूदित अंश भएकाले प्रस्तुत दृष्टान्त मूलगत अन्तर्पाठीयताको दृष्टान्तका रूपमा देखापर्दछ ।

विश्लेष्य उपन्यासमा समाविष्ट अनूदित सामग्रीलाई अनूदित अन्तर्पाठीयताका दृष्टिकोणबाट समेत अध्ययन गर्न सकिन्छ । *सुकरातको डायरी* उपन्यसामा समाविष्ट त्यस्ता सामग्रीहरूमा ज्याक केरुआकको *अन द रोड*को आरम्भिक अंश (पृ.४६-४७) समाविष्ट गरिएको छ । जीवनीमूलक उपन्यास लेख्ने अनन्तको जिज्ञासालाई उत्प्रेरणा दिने उद्देश्यले नै सुकरातले *अन द रोड*को उक्त अंश दृष्टान्तका रूपमा सुनाएको छ भने यसै क्रममा अनेक दृष्टान्त दिने क्रममा टोल्स्टोयको *चाइल्ड हुड*को आरम्भिक अंश (पृ. ४८-४९) पनि सुनाएको छ । लेख्ने मान्छेले धेरै पढ्नुपर्छ र मात्रै थोरै लेख्न सकिन्छ भन्ने मान्यता राख्ने सुकरातले "म अझै एकदुई पठनीय कृतिको परिचय दिन चाहन्छु" (भट्टराई, २०६८, पृ. ५०) भन्दै र माया एन्जेलुको *आइ नो ह्वाइ द केज्ड वर्ड सिङ्स*को प्रारम्भिक अंश (पृ.५०), मार्सल प्राउस्टको *रिमेम्ब्रन्स*

*अव् थिङ्ग्ज पास्ट*को आरम्भिक अंश (पृ.७३-७४); जेरल्ड डरेलको *माइ फ्यामिली एण्ड अदर एनिमल्स*को लामो अंश (पृ. ८२-८८) का साथै सेक्सपियरका कविताको अनुवाद (पृ.२५९-२६०) मेथ्यु आर्नोल्डको *डभर बीच* कविता (पृ.१९-२०) लाई यसमा समावेश गराएको छ । यी सबै सामग्री सुकरातले शिष्य अनन्तलाई जीवनीमूलक उपन्यास लेख्ने प्रयोजनका लागि सुनाएको देखिन्छ भने तिनका केही अंशलाई लेखकले अनुवाद गरी प्रस्तुत गरेर मूलगत तथा अनूदित अन्तर्पाठीयताको बलियो नमुनाका रूपमा *सुकरातको डायरी* उपन्यासलाई उभ्याएको देखिन्छ।

## ४.२ रूपायनात्मक अन्तर्पाठीयता

रूपायनात्मक भन्नाले कुनै एक कृतिको स्वरूप अर्थात् रूपगत संरचनालाई आधार मानेर त्यसका सादृश्यमा अर्को रूपको सिर्जना गर्नु भन्ने बुझिन्छ । यसको दृष्टान्तको रूपमा पूर्वीय काव्यशास्त्रबाट *मेघदूत* कृतिको नामको स्वरूपका आधारमा बनेको *पिकदूत*लाई दृष्टान्तका रूपमा प्रस्तुत गरेको देखिन्छ (गौतम, २०७६, पृ.१५८) । प्रस्तुत *सुकरातको डायरी* उपन्यासको शीर्षकीय रूपगत संरचनामा आएको 'सुकरात' लेखकको आफ्नै पूर्वप्रकाशित उपन्यासको नाम र 'डायरी' विप्लव ढकालद्वारा लिखित *प्रोफेसर शर्माको डायरी*बाट आधार मानेर सिर्जना गरिएको छ। यसका साथै लेखकले प्रस्तुत उपन्यासको खण्ड वा अध्यायविभाजनका लागि एक, दुई, तीनजस्ता आक्षरिक अङ्कहरूलाई प्रयोग गरेका छन् । यसप्रकारको प्रयोग नेपाली भाषाका पूर्ववर्ती उपन्यासहरू दौलतविक्रम विष्टको *चपाइएका अनुहार* (२०३०), विश्वेश्वरप्रसाद कोइरालाको *हिटलर र यहुदी* (२०४०), लीलबहादुर क्षेत्रीको *ब्रह्मपुत्रको छेउछाउ* (२०४३) लगायतका विभिन्न उपन्यासहरूमा हुँदै आएको देखिन्छ । प्रस्तुत उपन्यासको अन्त्यमा परिशिष्टका रूपमा एउटा अध्यायलाई खण्डीकृत गरिएको प्रक्रिया पनि ध्रुवचन्द्र गौतमको *उपसंहार अर्थात् चौथो अन्त्य*को अन्तिम खण्डमा गरिएको चार अन्त्यनिकट देखिएको छ। यसप्रकार *सुकरातको डायरी* उपन्यासमा अन्तर्पाठीयताको संरचनालाई बलियो तुल्याउने क्रममा त्यसका रूपपक्षमा समेत ध्यान दिइएको छ । यस क्रममा शीर्षकनिर्माण, खण्डविभाजन र निष्कर्ष खण्डलाई खण्डीकृत गरिएको छ। यी पक्षमा पूर्वप्रकाशित कृतिहरूमा प्रयुक्त शैली वा तरिका अवलम्बन गरिएको छ ।

## ४.३ प्रवृत्तिगत अन्तर्पाठीयता

स्रष्टाहरूले आफ्ना कृतिमा नवनव प्रवृत्तिलाई अवलम्बन गर्ने प्रयत्न गर्दछन् । यस क्रममा कतिपय स्रष्टाले अन्य भाषाबाट र कतिपयले सम्बन्धित भाषामै प्रयोग हुँदै आएका अन्य लेखकका पाठबाट प्रभाव ग्रहण गरेरसमेत पाठमा नवीनता सिर्जना गर्ने गरेको पाइन्छ । प्रवृत्तिगत दृष्टिकोणले नेपाली कविताका क्षेत्रमा लेखनाथ पौड्यालले आरम्भ गरेको परिष्कारवादी प्रवृत्तिलाई सोमनाथ सिग्द्याल, बालकृष्ण सम, माधवप्रसाद देवकोटाले अवलम्बन गरेका छन् भने लक्ष्मीप्रसाद देवकोटाले आरम्भ गरेको स्वच्छन्दतावादी प्रवृत्तिलाई माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल प्रभृत्ति कविहरूले अवलम्बन गरेका छन् । त्यसैगरी कथाका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाले अवलम्बन गरेको मनोवैज्ञानिक प्रवृत्तिलाई भवानी भिक्षु, गोविन्द मल्ल गोठाले प्रभृत्तिले मात्र नभई उपन्यासमा स्वयं कोइरालाले अवलम्बन गरेका छन् । यही प्रवृत्तिगत समानताको प्रयोग नै प्रवृत्तिगत अन्तर्पाठीयता हो ।

प्रवृत्तिगत अन्तर्पाठीयताका दृष्टिले *सुकरातको डायरी* उपन्यास विधाभञ्जन र विधामिश्रणको प्रवृत्तिलाई अवलम्बन गरेर लेखिएको छ । यस कृति वा पाठलाई लेखकले उपन्यास भनेका छन् तापनि यसको ढाँचा मूलतः दैनिकी लेखनमा आधारित छ जो मूलतः निबन्धअन्तर्गत पर्दछ । प्रस्तुत उपन्यास मूलतः उपन्यासको पात्र सुकरातको डायरीलेखन हो र यहाँ २०६४ वैशाख १ गते सोमबारबाट आरम्भ भएर फागुन ५ गते शुक्रबारसम्मको डायरी उल्लेख भएको छ । यस क्रममा डायरीका बिचमा कतिपय मिति सन्मा समेत

उल्लेख गरिएको छ । प्रस्तुत उपन्यासमा सुकरात-अनन्त; अनन्त-नीलिमा तथा नीलिमा-सुकरातका संवादहरूलाई धेरै ठाउँमा नाटकीय संरचनामा प्रस्तुत गरिएको छ भने परिशिष्ट-छ नाटकमञ्चनकै रूपमा विकसित भएको छ । उपन्यासमा थुप्रै ठाउँमा मेथ्यु आर्नोल्डको कविताको अनुवाद, सेक्सपियरको कविताको अनुवाद, मिस्त्रालको कविताको अनुवाद, हरिमाया भेटवालको 'माटो र म', प्रोफेसर शर्माको डायरीको एक अंश, सेक्सपियरको 'यो सारा विकृत एक रङ्गमञ्च हो', 'तिमी हराएदेखि म', 'यो प्रेम' 'आज कति हलुङ्गो छ यो मन' जस्ता कविताहरू यसमा समावेश गरिएको छ । यस उपन्यासको पाठभित्र थुप्रै ठाउँमा लामाछोटा वैचारिक अभिव्यक्तिहरू प्रकट भएका छन् र ती आफैमा निबन्धका अत्यधिक निकट छन् । यस उपन्यासमा विभिन्न व्यक्तिका उपन्यासविषयक परिभाषा र कतिपय उपन्यासको कथ्यविषयको परिचय, कतिपय विश्वचर्चित उपन्यासका वैशिष्ट्य र शक्तिको चर्चा पाइन्छ ।

समग्रमा उपन्यास लेख्न केकस्ता विषयको ज्ञान, अध्ययन र अभ्यास चाहिन्छ भन्ने विषयमा सुकरात र नीलिमाबाट अभिव्यक्त भावमा पर्याप्त समालोचकीय बौद्धिक चेत पाइन्छ । यो उपन्यास संस्कृत साहित्यले उल्लेख गरेको सिर्जनाका तीन कारकमध्ये व्युत्पत्तिको बलियो दृष्टान्त बनेर प्रस्तुत भएको छ । यस उपन्यासको पाठमा कविता, निबन्ध, आख्यान, नाटक र समालोचनाका गुणहरू पाइन्छन् । यसप्रकारको प्रवृत्तिलाई अवलम्बन गरेर लेखिएको पहिलो नेपाली सिर्जना इन्द्रबहादुर राइको 'कठपुतलीको मन' कथा हो । त्यसकारण यस उपन्यासको विधामिश्रण वा भञ्जनको प्रवृत्तिगत पहिचान उक्त कथाका निकट रहेको देखिन्छ । यो उपन्यास परम्परागत औपन्यासिक संरचनाका दृष्टिले उपन्यास जस्तो नलाग्नु, कतै निबन्ध, कतै समालोचना, कतै प्राध्यापकीय प्रवचन, कतै नाटकजस्तो लाग्नुबाट विधाभञ्जनको अभिलक्षण प्रस्तुत भएको देखिन्छ भने उपन्यासभित्रै विभिन्न साहित्यिक विधाका सामग्रीहरूको सम्मिश्रणले विधामिश्रण भएको देखिन्छ । अतः यो अभिलक्षण नेपाली साहित्यमै समेत प्रयोग भइसकेका कृतिका निकट हुनाले यसमा प्रवृत्तिगत अन्तर्पाठीयता पाइन्छ ।

## ४.४ इन्टरनेटीय अन्तर्पाठीयता

*सुकरातको डायरी* उपन्यास इन्टरनेटीय अर्थात् भर्चुअल अन्तर्पाठीयताका दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ । पछिल्लो समयमा सञ्चारको विकाससँगै त्यसले साहित्यमाथि प्रभाव पार्न थालेपछि इन्टरनेटसँग साहित्यको अन्तर्सम्बन्धलाई कृतिभित्र प्रयोग गर्न थालिएको छ भने त्यसलाई कृतिविश्लेषणको आधार बनाइन थालेको छ । प्रस्तुत कृतिमा पात्रलाई भर्चुअल माध्यमबाट नै पाठभित्र प्रवेश गराइएको छ । अन्तर्पाठीयताका दृष्टिले आफ्नो पूर्वपाठको सिक्वेलका रूपमा आएको (छेत्री, २०७९, पृ. ११) प्रस्तुत उपन्यासको पात्र अनन्तले अघिल्लो उपन्यास *सुकरातका पाइला*मा आत्महत्या गरेको छ । त्यस्तो पात्रलाई पुनः आफ्नो अर्को कृतिमा प्रस्तुत गर्न लेखकले भर्चुअल माध्यमको प्रयोग गरेका छन् । उपन्यासको खण्ड छ मा "सुकरात गुरु, तपाइँ ग्रीस पुगेको सुनेँ । म पनि तपाइँसँगै छु । जीवित या मृत- म तपाइँकै भक्त हुँ । पछ्याइरहेको छु; पछ्याइरहने छु । अनन्त" (भट्टराई, २०६८, पृ. ३१) भन्ने इमेल म्यासेजका माध्यमबाट ऊ उपन्यासमा भित्रिएको छ । यस विषयमा आशङ्का गर्दै उपन्यासमा भनिएको छ "नीलिमालाई इमेल लेखिरहेको सुकरात अचानक फेरि अनन्त आउँदा छक्क पर्‍यो । मनमा छ कि मेटियो भनेको पात्र यो भर्चुअल माध्यममा अरू कोही बोलिरहेको ता होइन ?" (भट्टराई, २०६८, पृ. ३३) यसरी इन्टरनेटमार्फत उपन्यासमा प्रवेश गरेको अनन्त सुकरातसँग संवाद गर्न थालेसँगै औपन्यासिक विषय अगाडि बढेको छ ।

उपन्यासको मुख्य पात्र अनन्त इन्टरनेटको माध्यमबाट उपन्यासमा प्रवेश गर्नु एउटा महत्त्वपूर्ण पक्ष हो । *सुकरातको डायरी* उपन्यास लेखिसकेपछि त्यसबारे छलफलका लागि छोरी सेवालाई पठाउनु र त्यस विषयमा उनीहरूका बिच इन्टरनेटमा छलफल हुनुले यो उपन्यास

इन्टरनेटीय अन्तर्पाठीयताको नमुना बनेको छ। यहाँ इन्टर नेटमा भएगरेका चर्चालाई उपन्यासको अंशकै रूपमा प्रस्तुत गरिएको छ। २५ मार्चदेखि १ अप्रिलसम्म भएका संवादलाई उपन्यासमा यथावत रूपमा अङ्ग्रेजी भाषामा र म्यासेन्जरको प्रयोग गर्दा निर्माण हुने छोटा पङ्क्तिकै ढाँचामा प्रस्तुत गर्नुजस्ता प्रसङ्गले उपन्यास भर्चुअल रियालिटी वा इन्टरनेटीय अन्तर्पाठीयताको महत्त्वपूर्ण नमुना बनेको छ।

## ५. निष्कर्ष

नेपाली साहित्यका उपन्यास, निबन्ध, समालोचना र कविताका क्षेत्रमा विशिष्ट पहिचान बनाएका गोविन्दराज भट्टराईको चौथो उपन्यास *सुकरातको डायरी* उत्तरआधुनिक बहुलवादी प्रयोगका दृष्टिले महत्त्वपूर्ण औपन्यासिक कृति हो । विधाभञ्जन र विधामिश्रणको जटिल प्रयोगलाई अवलम्बन गरेर लेखिएको प्रस्तुत उपन्यासलाई उत्तरआधुनिक बहुलवादी सिद्धान्तका अनेक अवधारणाका आधारमा अध्ययन-विश्लेषण गर्न सकिन्छ। यो उपन्यास अन्तर्पाठीयताका दृष्टिकोणले विशेष महत्त्वको छ । कुनै पनि पाठ पूर्ण मौलिक हुन नसक्ने भएकाले सबै पाठ, सबैखाले लेखन पूर्वपाठ, पूर्वलेखन वा विचारका उत्तरपाठ हुन् वा तिनकै निरन्तरता हुन् भन्ने रोला बार्थका मान्यतामा आधारित भएर विकसित भएको अन्तर्पाठीयताले कुनै पनि कृतिलाई त्यसमा अभिव्यक्त संरचना, भाव, शैली, शीर्षक आदि दृष्टिले उक्त पाठ कुन पूर्वपाठबाट प्रभावित छ वा कुन पूर्वपाठमा आधारित छ भनेर अध्ययन गर्दछ । यसका साथै एकाधिक पाठबाट प्रभाव ग्रहण गरिएको हो भने कुनकुन पूर्वपाठको प्रभाव उक्त पाठमा पाइन्छ भन्ने कुराको अध्ययन गरिन्छ। यस दृष्टिकोणबाट अध्ययन गर्दा भट्टराईको *सुकरातको डायरी* उपन्यास अन्तर्पाठीयताको बलियो नमुना कृतिका रूपमा प्रस्तुत भएको छ । यसमा लेखकले स्पष्ट पहिचान हुनेगरी अन्य पूर्व पाठको प्रभाव ग्रहण गरेका छन् । अन्तर्पाठीयता अन्तर्गतका सबै अभिलक्षणको प्रयोग नगरिएको भए पनि यस उपन्यासले अत्यधिक अभिलक्षणहरूलाई अवलम्बन गरेको छ। मूलतः मूलगत अन्तर्पाठीयता अन्तर्गतका पात्रको प्रयोग गरिएको छ । यसमा लेखकले आफ्नो तेस्रो उपन्यासका पात्रहरू सुकरात, अनन्त, नीलिमा र पूर्णिमालाई प्रयोग गरेका छन्। यस उपन्यासमा अन्य कृतिका अंशको प्रयोग पनि भएको छ । यसअन्तर्गत नेपाली भाषाको *बाढी* उपन्यासको अंशका साथै थुप्रै विदेशी भाषाका उपन्यासका अनूदित अंशलाई उपन्यासकारले प्रसङ्गवश प्रयोग गरेका छन् । ती सामग्रीहरू उपन्यासको प्रमुख पात्र सुकरातले शिष्य अनन्तलाई जीवनीमूलक उपन्यास लेख्नका लागि त्यसपूर्व अध्ययन गर्नुपर्ने कृतिहरू सुझाउने क्रममा प्रयोग गरेका हुन्। यस उपन्यासमा नेपाली लेखकका र विदेशी भाषाका लेखकका कविताहरू पनि प्रयोग गरिएका छन् । यस उपन्यासमा पार्श्वगत अन्तर्पाठीयता र रूपायनात्मक अन्तर्पाठीयताको पनि प्रयोग भएको छ। यसको शीर्षकमा प्रयोग भएका दुई शब्दमध्ये 'सुकरात' शब्द आफ्नै पूर्वउपन्यासमा प्रयोग भएको हो भने 'डायरी' प्रफेसर शर्माको डायरीको पछिल्लो अंश हो । यस उपन्यासको खण्डविभाजनमा लेखकले प्रयोग गरेको अङ्कको आक्षरिक स्वरूप एक दुई तीन नेपालीका थुप्रै पूर्वउपन्यासहरूमा प्रयोग हुँदै आएकाले यस कृतिको खण्डविभाजन पनि अन्तर्पाठीयताको दृष्टान्त हो । यस कृतिको अन्त्यमा प्रस्तुत गरिएको परिशिष्ट खण्डको संरचना पनि पूर्व उपन्याससँग मेल खाने हुनाले यो पनि अन्तर्पाठीयता हो । यस उपन्यासमा देखिने प्रवृत्तिगत अन्तर्पाठीयता उत्तरआधुनिक बहुलवादी प्रवृत्तिअन्तर्गतको विधाभञ्जन र विधामिश्रणको अभिलक्षणमा आधारित रहेको छ । यस कृतिमा कविता, निबन्ध, नाटक, समालोचना र आख्यानका साथै अनुवादसामग्रीको मिश्रण भएको छ । लेखकले यसलाई उपन्यास भनेको भए पनि यो सिर्जनालेखनका निम्ति निर्देशन मार्गदर्शन जस्तो देखिने हुनाले र यसप्रकारको प्रयोग नेपाली साहित्यमा इन्द्रबहादुर राइको 'कठपुतलीको मन' मा देखिने हुनाले यो विधाभञ्जन र विधामिश्रणको अभिलक्षणमा आधारित प्रवृत्तिगत अन्तर्पाठीयता हो । उपन्यासमा इन्टरनेटको उपयोगद्वारा पात्रहरूको उपस्थापन गरिएकाले इन्टरनेटीय

अन्तर्पाठीयता पनि उपन्यासमा विशेष रूपमा उपस्थापन भएको छ । यसप्रकार यो उपन्यास अन्तर्पाठीयताको अभिलक्षणलाई आत्मसात् गरिएको बलियो कृति हो भन्ने पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०७६), 'समालोचनामा अन्तर्पाठीयताको अवधारणा', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

गौतम, लक्ष्मणप्रसाद (२०६७), 'उत्तरआधुनिक समालोचनामा कृतिविश्लेषणका पद्धति र प्रारूप', *भृकुटी* (पूर्णाङ्क १०), पृ. ३८४-३९८ ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), 'उपन्यासभित्र उपन्यास सिद्धान्त : अधिउपन्यास अर्थात् मेटानोभेल, भर्चुअल रियालिटी र उपन्यासमा भञ्जन र प्रयोग', *विपठनमा सुकरातको डायरी,* कुमारप्रसाद कोइराला (सम्पा.), काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), 'विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन', *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ,* भाउपन्थी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

छेत्री, ज्ञानबहादुर (२०७९), *निपठनमा सुकरातको डायरी,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

भट्टराई, गोविन्दराज (२०६३), *सुकरातका पाइला,* काठमाडौँ : मोडर्न बुक ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक ।

भट्टराई, गोविन्दराज (२०६८), *सुकरातको डायरी,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

Bennet Andru and Royal Nicolus (1999). An Introduction to Lierature Criticism and Theory, 2nd edn. London: Oxford University Press.